**आकाशवाणी समाचार- नेपाली**

मितिः ३ मई २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज अंगोलाका राष्ट्रपति युआओ मेनुअल गोंजाल्विस लोरेंसियोसग नयाँ दिल्लीमा प्रतिनिधि मण्डल स्तरीय वार्ता गर्नुहुनेछ।

२. वर्ल्ड ऑडियो विजुअल एंड एंटरटेनमेंट सम्मेलन-वेव्स 2025 मा क्रिएट इन इन्डिया च्यालेन्जको पहिलो सत्र मुम्बईमा सम्पन्न, तेस्रो दिन आज सामुदायिक रेडियोसम्बन्धी राष्ट्रिय सम्मेलन हुने।

३. गृहमन्त्री अमित शाहले नार्कोटिक्स कन्ट्रोल ब्युरोको अमृतसर जोनल युनिटले चार राज्यमा चार महिना लामो अपरेसनपछि लागुऔषध तस्करी गिरोहको पर्दाफास गरेको बताउनु भएको छ।

४. २५ अप्रिलमा समाप्त भएको हप्तामा भारतको विदेशी मुद्रा भंडार एक अरब 98 करोड डलरले बढेर छह खरब 88 अरब 13 करोड डॉलरमा पुगेको छ।

र

५. आइपिएल क्रिकेटमा गएराती अहमदाबादमा भएको खेलमा गुजरात टाइटन्सले सनराइजर्स हैदरावादलाई ३८ रनले पराजित गरेको छ।

**पीएम मोदी-अंगोला राष्ट्रपति**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज अंगोलाका राष्ट्रपति युआओ मेनुअल गोंजाल्विस लोरेंसियोसग नयाँ दिल्लीमा प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुनेछ। दुई देशबीच विभिन्न क्षेत्रमा द्विपक्षीय सहयोग अभिवृद्धि का लागि वार्तापछि विभिन्न सम्झौतामा हस्ताक्षर हुने अपेक्षा गरिएको छ। अंगोलाका राष्ट्रपति तीन दिने भारत भ्रमणका लागि हिज नयाँ दिल्ली आइपुग्नुभएको हो। उनलाई विमानस्थलमा विदेश राज्यमन्त्री कीर्तिवर्द्धन सिंहले स्वागत गर्नुभएको थियो। उहाँका साथमा मन्त्री, वरिष्ठ अधिकारी, उद्योगपति, सञ्चारकर्मीलगायत उच्चस्तरीय प्रतिनिधिमण्डल छ।यसैबीच राष्ट्रपति लारेसियोलाई आज राष्ट्रपति भवनको प्राङ्गणमा औपचारिक स्वागत गरिनेछ भने उहाँले राष्ट्रपति द्रौपदी मुर्मूसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ। राष्ट्रपति मुर्मूले आज राति उहाँको सम्मानमा रात्रिभोजको आयोजना गर्नुहुनेछ। ३८ वर्षपछी अंगोलाका राष्ट्रपतिको यो पहिलो भारत भ्रमण हो। यस वर्ष दुवै देशले कूटनीतिक सम्बन्ध स्थापनाको ४० औँ वर्षगाँठ मनाइरहेका बेला यो भ्रमण हुन लागेको हो। राष्ट्रपति लोरेन्सियोले भोली दुई देशबीच निवेश र व्यापारिक सम्बन्धलाई बढावा दिने उद्देश्यले नयाँ दिल्लीमा आयोजित एक व्यापारिक कार्यक्रममा भागलिनु हुनेछ।विदेश मन्त्रालयले भारत र अंगोलाबीच वर्षौंदेखि न्यानो र मैत्रीपूर्ण सम्बन्ध रहँदै आएको जनाएको छ भने बर्ष २०२३–२४ मा दुई देशबीचको द्विपक्षीय व्यापार चार अर्ब अमेरिकी डलर नाघेको छ। विकास साझेदारी, क्षमता अभिवृद्धि सहयोग र रक्षा सम्बन्ध पनि बढ्दै गएको छ। दुवै देशले संयुक्त राष्ट्रसंघलगायत थुप्रै मञ्चमा एकअर्काको उम्मेदवारीलाई समर्थन गरेका छन्।

**प्रधानमंत्री-आंध्रप्रदेश**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो आन्ध्र प्रदेशको राजधानी अमरावतीमा पुनर्निर्माण कार्यको शिलान्यास गर्नुका साथै ५८ हजार करोड लागतका सडक तथा रेल परियोजनाको उद्घाटन गर्नुभयो। यस अवसरमा एक जनसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले यी परियोजनाहरू आन्ध्र प्रदेशको आकांक्षा र विकसित भारतको आशाको लागि बलियो आधार रहेको बताउनु भयो भने विगत १० वर्षमा देशले भौतिक, डिजिटल र सामाजिक पूर्वाधारमा ठूलो ध्यान दिएको उहाँको भनाइ थियो। श्री मोदीले भन्नुभयो,

"भारत तीव्र पूर्वाधार विकास गर्ने देशहरूमध्ये एक हो। यसका साथै प्रधानमन्त्री मोदीले एनडीए सरकारले किसानको कल्याणमा विशेष ध्यान दिइरहेको बताउदै किसानलाई किफायती मुल्यमा मल खाद र नयाँ विकसित बीउ उपलब्ध गराउन सरकारले विगत १० वर्षमा १२ करोड रुपैयाँ खर्च गरेको बताउनु भयो।

बाईट

**अमित शाह**

गृहमन्त्री अमित शाहले नार्कोटिक्स कन्ट्रोल ब्युरो (एनसीबी) को अमृतसर जोनल युनिटले चार राज्यमा चार महिना लामो अपरेसनपछि लागुऔषध तस्करी गिरोहको पर्दाफास गरेको बताउनु भएको छ। यस कार्रवाईमा पांच सौ 47 करोड रुपिया बराबरको लागुऔषध बरामद गरिएको थियो भने १५ जनालाई पक्राउ गरिएको थियो। श्री शाहले एक सोशल मीडिया पोस्ट गर्दै, 'एनसीबीलाई बधाई दिँदै भारतले तीव्र गतिमा लागुऔषध ओसारपसारविरुद्ध कारबाही गरिरहेको बताउनु भयो भने यस कारवाहीलाई प्रधानमन्त्री नरेन्द्र मोदीको लागुऔषध मुक्त भारतको परिकल्पनालाई साकार पार्ने दिशामा ठूलो कदमको रूपमा व्याख्या गर्नुभयो।

**वेव्स समिट-क्रिएट इन इंडिया चैलेंज**

वर्ल्ड ऑडियो विजुअल एंड एंटरटेनमेंट सम्मेलन-वेव्स 2025 मा क्रिएट इन इन्डिया च्यालेन्जको पहिलो सत्र मुम्बईमा सम्पन्न भएको छ। जसअन्तर्गत विभिन्न ३२ प्रतियोगिताका विजेतालाई सम्मान गरिएको थियो। यसले एनिमेसन, गेमिंग, फिल्म निर्माण, यांत्रिक मेधा, संगीत र डिजिटल कला सहित मिडिया र मनोरञ्जन उद्योगको हरेक क्षेत्रलाई समेटेको थियो। प्रतियोगितामा ६० भन्दा बढी देशका एक लाखभन्दा अधिक अन्तर्राष्ट्रिय सहभागी र एक लाखभन्दा अधिकले सहभागिता जनाएका थिए। यसले उदीयमान र युवा प्रतिभाहरूको जीवन्त रचनात्मकता प्रदर्शन गर्न विश्वव्यापी प्लेटफर्म प्रदान गर्यो।
यसैबीच सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले यसलाई ऐतिहासिक क्षणको रुपमा व्याख्या गर्दै सृजन क्षेत्रमा यसरी पुरस्कार प्रदान गर्न लागिएको बताउनु भयो भने यस पहलको साथ, निर्माताहरू नयाँ अवसरहरूको संसारमा प्रवेश गर्ने बताउनु भयो।

**बाइट**

**वेव्स समिट-सामुदायिक रेडियो**

मुम्बईमा जारी वर्ल्ड ऑडियो विजुअल एंड एंटरटेनमेंट समिट-वेव्स 2025 को तेस्रो दिन आज सामुदायिक रेडियोसम्बन्धी राष्ट्रिय सम्मेलन हुने भएको छ। यसमा नवीनतम रुझान,, नीति तथा कार्यक्रममाथि छलफल हुनेछ। यसको उद्देश्य मानिसहरूलाई सशक्त बनाउनु र स्थानीय समुदायसँग अझ प्रभावकारी रूपमा संलग्न हुने उनीहरूको क्षमता बढाउनु हो। यसले सामुदायिक रेडियो केंद्रलाई उत्कृष्ट अभ्यासहरू जडान गर्न, सिक्न र साझेदारी गर्न एक प्लेटफर्म पनि प्रदान गर्दछ। सूचना तथा प्रसारण मन्त्रालयले भारतीय जनसंचार संस्थानसँगको सहकार्यमा उक्त कार्यक्रमको आयोजना गर्न लागेको हो ।
यसैबीच सूचना तथा प्रसारण राज्यमन्त्री एल मुरुगनले आज **भारत की लाइव इवेंट अर्थव्यवस्था: एक रणनीतिक विकास अनिवार्यता** शीर्षक शीर्षकमा पहिलो श्वेतपत्र जारी गर्नुहुनेछ। श्वेतपत्रमा भारतको तीव्र गतिमा बढिरहेको प्रत्यक्ष मनोरञ्जन उद्योगको विस्तृत विश्लेषण प्रस्तुत गरिएको छ। यसले उदीयमान प्रवृत्तिहरू, विकास मार्गहरू र यस क्षेत्रको दिगो विकासको लागि महत्त्वपूर्ण सिफारिसहरूमा ध्यानकेन्द्रित गर्दछ।

**विदेशी मुद्रा भंडार**

२५ अप्रिलमा समाप्त भएको हप्तामा भारतको विदेशी मुद्रा भंडार एक अरब 98 करोड डलरले बढेर छह खरब 88 अरब 13 करोड डॉलरमा पुगेको छ। रिजर्व बैंकको साप्ताहिक पूरक तथ्याङ्कका अनुसार, अघिल्लो हप्ताको तुलनामा दो अरब 17 करोडको समग्र वृद्धि ले पांच खरब 80 अरब 60 करोड डलरको रेकर्ड उच्च छुन सफल भएको छ। यसैबीच, विशेष आहरण अधिकार (एसडीआर) 2 करोड दस लाख डलरले बढेर 18 अरब 59 करोड डॉलर पुगेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषसँग आरबीआईको स्थिति २० लाख डलरले बढेर ४ अर्ब ५१ करोड डलर पुगेको छ भने यसको स्वर्ण भंडार २० करोड ७० लाख डलरले घटेर ८४ अर्ब ३७ करोड डलरमा पुगेको छ।

**गृह सचिव बैठक**

केन्द्रीय गृह सचिव गोविन्द मोहनले हरियाणा र राजस्थानका केही भागहरूमा पानीको तत्काल अभावबारे छलफल गर्न नयाँ दिल्लीमा बैठक गर्नुभयो। बैठकमा भाखड़ा ब्यास व्यवस्थापन बोर्डको बाँधबाट थप चार हजार ५०० क्युसेक पानी आठ दिनसम्म छोड्ने विषयमा छलफल भएको थियो भने वैठकमा पञ्जाब, राजस्थान र हरियाणा सहित बोर्डको साझेदार राज्यहरु भाग लिएका थिए। बैठकमा बाँधहरू भरिएपछि बोर्डले पञ्जाबलाई आवश्यकता अनुसार थप पानी उपलब्ध गराउने सहमति भएको थियो भने हरियाणालाई थप पानी आपूर्ति गर्ने तरिका र उपायहरूबारे छलफल गर्न तत्काल छुट्टै बैठक बोलाउने निर्णय गरिएको छ।

## जयशंकर स्विटजरलैंड

विदेशमन्त्री सुब्रमण्यम जयशङ्करले स्विट्जरल्याण्डका विदेशमन्त्री इग्नाजियो कैसिससँग टेलिफोन वार्ता गरी आतङ्कवादप्रति शून्य सहनशीलता र यस विषयमा भारतलाई दिएको समर्थनका लागि धन्यवाद दिनुभएको छ। यसैगरी विदेशमन्त्री जयशंकरले यूरोपीय संघका विदेश मामिला तथा सुरक्षा नीति सल्लाहकार काजा कल्लाससँग पनि कुराकानी गर्नुभयो भने दुवै नेताबीच पहलगाम आतंकवादी हमलाबारे छलफल भएको थियो।

## वायु सेना-उत्तर प्रदेश वायु प्रदर्शन

वायुसेनाले हिजो उत्तर प्रदेशको शाहजहाँपुर जिल्लाको गंगा एक्सप्रेसवेमा रहेको साढे तीन किलोमिटर लामो रनवे मा आफ्नो परिचालन क्षमता प्रदर्शन गरेको छ। यस प्रकारको पहिलो कार्यक्रममा, वायुसेनाको अत्याधुनिक लडाकु विमान जस्तै राफेल, जगुआर, मिराज-२०००, सुखोई थर्टी-एमके आई र मिग-२९ ले भाग लिएका थिए। यसका साथै वायुसेनाको कार्गो विमान C-१३०J सुपर हर्कुलस र AN-३२ विमान र Mi-१७ V-५ हेलिकप्टरहरूले पनि एयर शोमा भाग लिएका थिए।

## ऑस्ट्रेलिया चुनाव

अष्ट्रेलियाको संसदीय चुनावका लागि मतदान जारी छ। प्रतिनिधि सभाका सबै १५० सिट र सिनेटका ७६ सिटमध्ये ४० सिटका लागि मतदान भइरहेको छ। सत्तारुढ लेबर पार्टीका वर्तमान प्रधानमन्त्री एन्थोनी अल्बानीस दोस्रो कार्यकालका लागि पुनः चुनाव मैदान छन् भने उनले कन्जरभेटिभ लिबरल–नेसनल गठबन्धनका नेता पिटर डटनसँग प्रतिस्पर्धा गर्दैछन्। यसबाहेक, ग्रीन्स पार्टीका नेता एडम ब्यान्ड्ट पनि दौडमा छन्। ठूलो संख्यामा साना दलले पनि चुनाव लडिरहेका छन्। आधिकारिक नतिजा आउन केही दिन लाग्न सक्छ। लेबर पार्टी नौ वर्षपछि २०२२ मा सत्तामा फर्किएको थियो।

## आईपीएल-क्रिकेट

आइपिएल क्रिकेटमा गएराती अहमदाबादमा भएको खेलमा गुजरात टाइटन्सले सनराइजर्स हैदरावादलाई ३८ रनले पराजित गरेको छ। टस हरेको गुजरातले पहिलो ब्याटिंग गर्दै ६ विकेट गुमाएर २ सय २४ रन बनाएको थियो। २ सय २५ रनको लक्ष्य पछयाएको हैदरावादले ६ विकेट को क्षतिमा १ सय ८६ रन मात्र बनाउन सक्यो। आज हुने खेलमा रोयल च्यालेन्जर्स बैंग्लोरले चेन्नई सुपर किंग्सको सामना गर्नेछ।

****** ० ******

****** ० ******